१२ पुस २०७४

प्रेस वक्तव्य

राष्ट्रिय पुनर्निर्माण प्राधिकरण तेस्रो वर्षमा प्रवेश

२०७२ साल बैशाख १२ गते गएको विनाशकारी भूकम्पबाट आफ्ना घरबार गुमाएकालाखौं जनतालाई तिनको घर पुनर्निर्माणमा सहयोग गर्न एवं स्कूल, स्वास्थ्यभवन, पुरातात्विक सम्पदा, सरकारी भवनलगायतका संरचनाहरुकोपुनर्निर्माण गर्न स्थापनागरिएको राष्ट्रिय पुनर्निर्माण प्राधिकरणले दुई बर्ष पुरा गरेको छ ।

इतिहासमा रेकर्ड भएका ठूला भूकम्पहरु मध्येको उक्तविनासकारी भूकम्पले ९ हजार भन्दा बढी व्यक्तिको मृत्यु भयो भने यसमा परी२३ हजार भन्दा बढी घाइते भए । लाखौं निजी घरहरु,हजारौं शैक्षिक संस्था, स्वास्थ्य संस्था, खानेपानी प्रणाली, सयौं सरकारी भवन, सयौंको संख्यामा साँस्कृतिक सम्पदालगायतकासंरचनाध्वस्तभए ।

भूकम्पलगत्तै राहततथाउध्दारको क्षेत्रमाउदाहरणीय कामभयो । राज्य संयन्त्रतथानागरिकको तहबाट मात्रनभएर छिमेकीमित्रराष्ट्रहरु र अन्तर्राष्ट्रिय संघसंस्थाहरुबाट पनि ठूलो सहयोग उपलब्धभयो ।

भूकम्पबाट क्षतिग्रस्त संरचनाको दीगोर योजनाबद्ध रुपमा यथाशीघ्र निर्माण कार्य सम्पन्नगर्न तथा भूकम्पबाट विस्थापितव्यक्ति र परिवारको पुनर्वास तथा स्थानान्तरण गर्ने उद्देश्यले गठन गरिएको राष्ट्रियपुनर्निर्माण प्राधिकरणको स्थापनाहुननै केहि समय ढिला भयो ।त्यससम्बन्धी प्रस्तावितविधेयक २०७२ पुस १ गते मात्रसंसदबाट पारित भयोे र पौष ५ गते राष्ट्रपतीबाट प्रमाणिकरण भयो । २०७२ पुस १० गते मन्त्रीपरिषद्को बैठकले सोहीऐनअनुसार प्रमुखकार्यकारी अधिकृत नियुक्त गरेपछि प्राधिकरणको गठन भयो भने त्यसको दुई दिनपछि अर्थात् २०७२ पुस १२ माऔपचारिक रुपमाकार्यालय स्थापनागरियो । सोहीदिनलाई आधिकारिक रुपमाप्राधिकरणको स्थापनादिवसको रुपमामनाउने निर्णय गरियो ।

यीअनेकन कठिनाईकाबाबजुदपुनर्निर्माण प्राधिकरण गठन भएको दुई वर्षमाउत्साहजनककामभएका छन् । भूकम्पप्रभावित ३१ जिल्लामापुनर्निर्माण सम्पन्नभएका र हालनिर्माणाधिन नीजि घर, सरकारी भवन, शैक्षिक संस्था, साँस्कृतिक सम्पदा, स्वास्थ्य संस्था र खानेपानी प्रणालीको तथ्यांक हेर्दा निराशहुनुपर्ने अवस्था छैन ।

अहिले प्राधिकरणको मुख्य उद्देश्यभनेको लाखौं भूकम्पपीडितलाई सुरक्षितआवासउपलब्ध गराउनु नै हो । सरकारले उपलब्ध गराउने सहयोगको पहिलो किस्तालिएर घर निर्माण शुरु गरी दोस्रो किस्तालिने लाभग्राहीको संख्याउत्साहजनक रुपमा बृध्दिभएको छ र तेस्रो किस्तालिएर घर निर्माण सम्पन्नगर्नेको संख्यापनि बढिरहेको छ ।

लाखौं नीजि घर, हजारौं शैक्षिक संस्था, स्वास्थ्य संस्था, खानेपानी प्रणाली, सयौं सरकारी भवन, सयौंको संख्यामा साँस्कृतिक सम्पदालगायत संरचनाको पुनर्निर्माण गर्ने कामपक्कै पनि सजिलो छैन । यसप्रकारको ठूलो आकारको  पुनर्निर्माण नेपालको इतिहासमै पहिलो हो । कतिपयले त यसलाई लाभग्राहीको अग्रसरता र स्वामित्वमा अघि बढेकोविश्वकै सबैभन्दा ठूलो आवास परियोजनापनिमानेका छन् ।

गएको दुई बर्षको अवधिप्राधिकरणको नीतिगत, कार्रविधिगत, संरचनागत, कानूनीएवं व्यवस्थापकीयप्रबन्धमिलाउने कार्यका साथै पूनर्निर्माणका सम्पूर्ण तयारी एवं शुरुआतगर्दै वित्यो । अबकाभाविदिनहरुमाभने प्राधिकरण पुनर्निर्माणको गतिलाई तीव्र पार्ने अवस्थामापुगेको छ ।

हालैको स्थानीय चुनावबाट अधिकारसम्पन्न स्थानीयतहको स्थापनाभइसकेको अबस्थामास्थानीयतहसंग समन्वयगर्दै अघि बढ्नु पर्ने अबस्था छ । यसले पुनर्निर्माणको गतिलाई अझतीव्रपार्ने कुरामाशंका छैन । सांस्कृतिक सम्पदाको हकमाभने स्थानीयसरकार, पुरातत्वविद् र स्थानीयसमुदायको भुमिकाअहम् हुने कुरामाद्विबिधा छैन । त्यसैले, खर्बौं रुपैयाँखर्च गर्दै नयाँ नेपालनिर्माण गर्न सकिने यस पुनर्निर्माणकोप्रयास प्राधिकरणको सक्रियताबाट मात्रै सम्भव छैन । सम्बन्धितमन्त्रालय, स्थानीय सरकार, पुरातत्वबिद् र स्थानीय समुदायको समन्वयकारी प्रयासबाट मात्रै यो सम्भव हुनसक्छ ।

घर निर्माण मात्रै होइन, जोखिमयुक्त बस्तीका हजारौंलाभग्राहीलाई सुरक्षित स्थानमा स्थानान्तरण गर्न पनि सरकारले शुरु गरेको छ । जोखिमयुक्त स्थानमा बसिरहेका भूकम्पपीडितघरपरिवारलाई सुरक्षित स्थानमाजग्गाखरिद गरी स्थानान्तरण गर्ने कार्य शुरु भएको छ । साथैएकिकृत वस्ती निर्माणका विधि र प्रक्रियाहरु पनितयार गरीकार्यान्वयनथालिएको छ ।

भौतिकपूर्वाधारको पूर्निनर्माणका अतिरिक्तलाखौं जनताको आयआर्जनकाउपायको खोजीगर्दै समाजकासिमान्तकृत समुदायलाई प्राथमिकतामा राखेर तिनको जीवनस्तर उकास्ने प्रयासमापनिप्राधिकरण लागिपरेको छ ।

प्राधिकरणको कार्यकालपाँचवर्षको हो । यसको सुरुका केहीअवधिसंगठननिर्माण र नीतिनिर्माण चरण को रुपमा व्यतित भयो भने  अब प्राधिकरण तीव्र गतिमा अघि बढ्ने चरणमा प्रवेश गरेको छ।

यो पुनर्निर्माण प्रक्रियालाई यसअघिका विकास दृष्टिकोणमा रहेका कमीकमजोरीहरु सच्चाएर नयाँ नेपालनिर्माण गर्ने अवसरको रुपमापनिलिनु पर्छ । यसमा केन्द्र र स्थानीय सरकार, विकास साझेदार, स्थानीय समुदाय, सामाजिकअभियन्ता, संचार संस्था र नागरिक समाजको समान सहभागिता र सक्रियताको आबश्यकता छ ।

बाढी पुनर्निर्माण तथापुनस्र्थापनाआयोजना

नेपाल सरकारले गतबर्षायाममागएको बाढीबाट तराईका प्रभावित क्षेत्रहरुको पुनर्निर्माणको जिम्मेवारी पनि राष्ट्रिय पुनर्निर्माण प्राधिकरणलाई दिएको सर्वविदितै छ । उक्तकार्यका लागियहीकार्तिक ६ गतेको मन्त्रिपरिषद् बैठकले 'बाढी तथा डुवान प्रभावित क्षेत्रमा पुनस्र्थापना तथा पुनर्निर्माण गराउने विषयको अध्ययन, नीतिगत सम्बोधन र पुनर्निर्माणको समन्वयगर्न राष्ट्रिय पुनर्निर्माण प्राधिकरणभित्र विशेष इकाईको गठन गर्ने' निर्णय गरेको थियो ।

यस आयोजनाले कार्यालय स्थापना गरी आफ्नो काम शुरु गरिसकेको छ भने कार्यविधिको मस्यौदा तयार गरेको छ जुनमन्त्रिपरिषदले पारित गर्नुपर्ने छ । त्यसबाहेक आयोजनाले स्थानीय बाढीपीडितको अबस्थाको आँकलनगर्दै बाढीप्रभावित सरोकार पक्ष, स्थानीय सरकार, स्थानीय समुदाय र सम्बन्धितनिकायहरुसँग समन्वयको कामपनि शुरु गरेको छ ।

यस अवधिमाप्रधानमन्त्री शेरबहादुर देउवाले राष्ट्रिय योजनाआयोगले तयार पारेको 'बाढीपछिको पुनरुथापनाआवश्यकताआँकलन'प्रतिवेदनपनि सार्वजनिकगर्नुभएको छ भने उक्तप्रतिवेदन एक कार्यक्रमबीचविकास साझेदारहरु र राष्ट्रिय÷अन्तर्राष्ट्रिय गैरसरकारी संघसंस्थाहरुलाई पनि प्रस्तुतगरिएको छ ।

वि.सं. २०७४ साउनदेखि २७ देखि ३० माआएको भीषण वर्षापछिको व्यापक बाढीबाट १८ जिल्लामा ९० पुरुष र ४४ महिला गरी १३४ को ज्यानगएको थियो । प्रारम्भिकतथ्यांकअनुसार ४० हजारभन्दा बढी घरहरु पूर्ण क्षतिग्रस्त भएकाथिएभने एक लाख ५० हजारभन्दा बढी घरहरुमाक्षतिपुगेको थियो । यस्तै, ८ लाख ६६ हजार ९९३ पुरुष र आठ लाख २१ हजार ४८० महिला गरी १७लाखजनाप्रभावितभएकाथिए । विस्तृत अध्ययनपछि भने यो संख्यामा केही थपघट हुन सक्नेछ ।

राष्ट्रिय पुनर्निर्माण प्राधिकरण

सिंहदरवार, काठमाण्डौं ।